प्रदेश सरकार
लुम्बिनी प्रदेश
शिक्षा, विज्ञान, युवा तथा खेलकुद मन्त्रालय

# शिक्षा तथा सामाजिक विकास निर्देशनालय

राप्ती उपत्यका (देउखुरी), दाङ

प.सः ०७८/०७९
च.नं.:

सूचना प्रकाशित मिति: २०७८।०७।०५

**बिषय: प्राविधिक तथा बहु प्राविधिक विद्यालयहरुलाइ प्रस्तावना पेश गर्ने सम्बन्धी सूचना**

यस निर्देशनालयको आ.व. २०७८।७९ को बार्षिक कार्यक्रम अनुसार यस प्रदेश भित्र सन्चालित प्राबिधिक तथा बहु प्राविधिक विद्यालयहरुलाइ अनुदान उपलब्ध गराउने कार्यक्रम रहेकाले प्राविधिक धार सञ्चालन गरेका विद्यालयहरुले कार्यक्रमको बिस्तृत बिवरण र कार्यान्वयन योजना निर्माण गरि ब्यवस्थापन समितिको निर्णय सहित तपसिलको ढाँचामा यो सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र सम्बन्धित सामाजिक विकास डिभिजन कार्यालयमा प्रस्ताव पेश गर्नु हुन सम्बन्धित सबैलाइ जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ। प्रस्ताव पत्रका साथमा गत आ.व. को लेखा परीक्षण र सामाजिक परीक्षणको प्रतिबेदन अनिवार्य रुपमा पेश गर्नु पर्ने छ । म्याद नाघि आएका प्रस्ताव उपर कुनै कारवाही हुने छैन ।

**प्रस्तावनाको ढाँचा**

१. विद्यालयको सङ्क्षिप्त चिनारी
२. विद्यालयको भौतिक अवस्था
   क) क्षेत्रफल, भवन, कक्षाकोठा र फर्निचर समेत
   ख) खेल मैदान
   ग) कम्पाउन्डवाल
   घ) खानेपानी
   ङ) शौचालय: छात्र/ छात्रा/स्टाफ
   च) प्रयोगशाला
   छ) अन्य
३. विद्यालय ब्यवस्थापन समिति, शिक्षक, अभिभावक संघ तथा विद्यालयमा गठन गरिएका अन्य समितिहरु सम्बन्धी बिस्तृत बिवरण
४. विद्यार्थी संख्या: कक्षागत छात्र/छात्रा/ दलित/जनजाति / अल्पसंख्यक / लोपोन्मुख सबै बिवरण पेश गर्ने.
५. शिक्षक बिवरण: तहगत, स्वीकृत दरवन्दी, राहत, निजी स्रोत सबैको शैक्षिक योग्यता सहितको बिवरण पेश गर्ने
६. प्राबिधिक धार तर्फको बिवरण
   क) कक्षा सञ्चालन अनुमति सम्बन्धी बिवरण: हरेक कक्षाको अनुमति दिने निकाय (अनुमति पत्रको प्रतिलिपि समेत संलग्न गर्नु पर्ने छ)
   ख) प्राविधिक धारको किसिम, समयावधि
   ग) प्राविधिक धारको शिक्षक बिवरण: योग्यता र अनुभव सहित
   घ) विद्यार्थी बिवरण: प्राविधिक धारको मात्र, कक्षागत, लिङ्गगत, जातिगत
   ङ) हाल सम्मको नतिजा विश्लेषण: प्राविधिक धारको मात्र
   च) प्रयोगशालाको अवस्था: शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट प्रयोगशाला ब्यबस्थापनका लागि उपलब्ध गराइएको रकम, उक्त रकम कुन-कुन प्रयोजनमा खर्च गरियो सो सम्बन्धी सम्पूर्ण बिवरण (सम्बन्धित शिक्षक बाट तयार गरि प्रधानाध्यापकबाट प्रमाणित गरि संलग्न गर्नु पर्नेछ)
   छ) प्रदेश सरकारबाट हालसम्म अनुदान उपलब्ध गराइएको भए निम्न ढाँचामा प्रगति उल्लेख गर्ने

प्रदेश सरकार

लुम्बिनी प्रदेश

शिक्षा, विज्ञान, युवा तथा खेलकुद मन्त्रालय

# शिक्षा तथा सामाजिक विकास निर्देशनालय

राप्ती उपत्यका (देउखुरी), दाङ

प.सः ०७८/०७९

च.नं.:

| कार्यक्रमको नाम | उपलब्ध गराइएको रकम | सम्पन्न गरेको काम | प्रतिफल (output) |
|---|---|---|---|
| प्राबिधिक तथा बहु प्राबिधिक शिक्षालयलाइ अनुदान | | | |
| कक्षा कोठा निर्माण | | | |
| कम्पाउन्ड वाल | | | |
| शौचालय | | | |
| अरु केही भए उल्लेख गर्ने | | | |
| | | | |

७. प्रस्तावनाको उद्देश्य

८. प्रस्तावित कार्यक्रम

९. कार्य योजना प्रतिफल सूचक सहित

१०.अनुमानित लागत

११.स्रोत ब्यवस्थापन

१२.अपेक्षित नतिजा

१३.जोखिम

१४.निष्कर्ष

<u>प्रस्ताव सहित संलग्न गर्नु पर्ने कागजातहरु</u>

- विद्यालय ब्यबस्थापन समिति गठन भएको आधिकारिक निर्णय प्रति
- कार्यक्रम माग सम्बन्धमा वि.ब्य.स. को निर्णय प्रति
- गत आ.व. को लेखा परीक्षण र समाजिक परीक्षणको प्रतिवेदन
- २०७८ सालको एकिकृत शैक्षिक तथ्याङ्को प्रमाणित विद्यार्थी बिवरण

( मनोज कुमार गैरे )

नि. निर्देशक

नि. निर्देशक

**बोधार्थ**

श्री शिक्षा, विज्ञान, युवा तथा खेलकुद मन्त्रालय, लुम्बिनी प्रदेश, मुकामः बुटवल उल्लेखित सूचना त्यहाँको वेब साइटमा समेत प्रकाशन गरिदिनु अनुरोध छ ।

श्री सामाजिक विकास डिभिजन कार्यालय, रुपन्देही/कपिलवस्तु /पाल्पा /प्युठान /दाङ/बाँके : उल्लेखित सूचना तहाँको वेब साइटमा समेत प्रकाशन गर्नुहुनका साथै विद्यालयबाट बिधिबत रुपमा प्राप्त हुन आएका प्रस्ताव दर्ता गरि राखु हुन।